दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३१० | बुटवल | २०८१ मंसिर ०२, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Nov.17, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

स्थानीय तह उप–निर्वाचन :

# ३४ वडाध्यक्ष पदको उम्मेदवारी दर्ता आज

**आजदेखि उप–निर्वाचन हुने सम्बन्धित जिल्लाभित्र सार्वजनिक पद धारण गरेका व्यक्ति, निकाय तथा अधिकारीलाई निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू गर्ने निर्णय आयोगले गरेको छ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

यही मङ्सिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि आज आइतबार उम्मेदवारी दर्ता हुँदैछ। बिहान १० देखि दिउँसो ५ बजेसम्म सम्बन्धित स्थानीय तहमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने निर्वाचन आयोगका सह-सचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन्।

सोही दिन साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ । उम्मेदवारको मनोनय दर्ताको सम्पूर्ण तयारी पूरा भएको आयोगले जनाएको छ । उप-निर्वाचनका लागि शुक्रबार ३८ वटा निर्वाचन अधिकृतका कार्यलय स्थापना भएका छन्। उप-निर्वाचन हुने स्थानीय तहमा ३२ वटा मुख्य निर्वाचन अधिकृतको कार्यालय र छ वटा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको निर्वाचन आयोगले जनाएको छ।

उप-निर्वाचन हुने सम्बन्धित स्थानीय तह तथा वडाको केन्द्र रहेको स्थानमा निर्वाचन अधिकृतका कार्यालय स्थापना गरिएको आयोगका प्रवक्ता अर्यालले जानकारी दिइन् । मङ्सिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ।

मङ्सिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्नेछन् । सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ। मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ।

विभिन्न कारणले स्थानीय तहमा रिक्त जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख र उप-प्रमुख एकएक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदमा निर्वाचन हुँदैछ।

निर्वाचन आयोगका अनुसार ओखलढुङ्गा र कैलालीका जिल्ला समन्वय समिति प्रमुख, काठमाडौँको कीर्तिपुर नगरपालिकाका प्रमुख, जाजरकोटको नलगाड नगरपालिकाका उप-प्रमुख, मोरङको ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष तथा दोलखाको गौरीशङ्कर गाउँपालिका, रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका-३, झापाको कन्काइ नगरपालिका वडा नं ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं. ८, सुनसरीको गढी गाउँपलिका वडा नं. ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं.५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं. १२ र बेलका नगरपालिका वडा नं. ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं. १,




महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं. २, रौतहटको ईशनाथ नगरपालिका वडा नं. ७, राजपुर नगरपालिका वडा नं. ६ र गढीमाई नगरपालिका वडा नं. ८ को वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

काठमाडौँको कीर्तिपुर नगरपालिका वडा नं. १ र ४, काठमाडौँ महानगरपालिका वडा नं. १६, नुवाकोटको ककनी गाउँपालिका वडा नं. २, मकवानपुरको हेटौँडा नगरपालिका वडा नं. १२, गोरखाको गोरखा नगरपालिका वडा नं. ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं. १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं. ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं. ४, रुकुम पूर्वी पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. २ र कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं. १ का वडाध्यक्ष पदमा निर्वाचन हुने आयोगका सूचना अधिकृत सुमन घिमिरेले जानकारी दिए।

दैलेखको दुल्लु नगरपालिका वडा नं. १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं. ४, जाजरकोट कुशे गाउँपालिका वडा नं. ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं. ५, बझाङको सुर्मा गाउँपालिका वडा नं. ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं. ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं. ६ का वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उप-पप्रमुख र वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पदपूर्ति हुने व्यवस्था छ।

**आजदेखि आचारसंहिता लागू**

स्थानीय तह उप-निर्वाचनका लागि आइतबारदेखि निर्वाचन आचारसंहिता लागू हुने भएको छ।

निर्वाचन आयोगको शनिबार बसेको बैठकले आइतबारदेखि उप-निर्वाचन हुने सम्बन्धित जिल्लाभित्र सार्वजनिक पद धारण गरेका व्यक्ति, निकाय तथा अधिकारीलाई निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू गर्ने निर्णय गरेको आयोगकी सह-सचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन्।

आयोगका अनुसार नेपाल सरकार र मन्त्री, प्रदेश सरकार र प्रदेशमन्त्री, संवैधानिक निकाय र सोका पदाधिकारी, संघीय सरकार वा प्रदेश सरकारका निकाय र पदाधिकारी, स्थानीय कार्यपालिका र त्यसका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई आचारसंहिता लाग्नेछ।

» बाँकी ३ पेजमा

## ३ प्रदेश र ५ सयभन्दा थोरै पालिका भए पुग्छ : प्रदेश प्रमुख



**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनीका प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले नेपालमा ७ प्रदेश आवश्यक नभएको तर्क गर्दै तीनवटा मात्र प्रदेश भए पुग्ने बताएका छन्।

अन्तरधार्मिक सद्भाव संघले बुटवलमा गरेको अन्तर्क्रियामा बोल्दै प्रदेश प्रमुख घर्तीले नेपालमा तीन प्रदेश, ७५ जिल्ला, संघीय सांसद बढीमा एक सय ५० जना, बढीमा १५ जना मन्त्री र ५०० भन्दा कम पालिका बनाउनुपर्ने बताएका हुन्।

प्रदेश प्रमुख घर्तीले राष्ट्रिय सभा, उप-राष्ट्रपति, उप-सभामुख राज्यमन्त्री जस्ता पद आवश्यक नभएको धारणासमेत राखेका छन्।

प्रदेश प्रमुख घर्तीले धेरै प्रदेश, धेरै सांसद, धेरै मन्त्री र काम नभएका धेरै पदले देशलाई आर्थिक भार मात्रै थोपर्ने र देश ऋणमा डुब्ने औंल्याए।

'नेपालमा सात हैन तीन प्रदेश, ७७ जिल्ला होइन पुरानै ७५ जिल्ला भएपुग्छ, संघीय सांसद पनि २७५ चाहिन्न बढीमा एक सय ५० भए पुग्छ, पालिकाहरु ७५३ लाई घटाएर ५ सय भन्दा कम बनाउनुपर्छ, राष्ट्रियसभा, उप-राष्ट्रपति, उप-सभामुख राज्यमन्त्री जस्ता पद आवश्यक छैन, हटाउनुपर्छ।'-प्रदेश प्रमुख घर्तीले भने।

उनले अगाडि भने-'केन्द्रमा १५ जना मन्त्री भए पुग्छ, कामै नभएका उप-राष्ट्रपति, राज्यमन्त्रीहरु हटाउनुपर्छ।' प्रदेश प्रमुख घर्तीले फुटाइएका रुकुम र नवलपरासी जिल्लालाई फेरि एउटै बनाउनुपर्ने धारणा राखे। राष्ट्रियसभा र समानुपातिक जस्ता पद नेताका तलुवा चाटेर (चाकरी गरेर) पुग्ने पद भएको प्रदेश प्रमुखले टिप्पणी गरे।

संविधानसभामा ६०१ जना सांसद बनाउँदा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफूलाई तीन पटकसम्म फोन गरेर सांसद बन्न अनुरोध गरे पनि आफूले काम छैन भनेर नगएको घर्तीले खुलासा गरे।

नेपालको राजनीतिमा आर्थिक रुपमा कमजोर वर्ग राजनीतिमा लागेर अकूत कमाउने, सुविधाभोगी हुने प्रवृत्ति र अर्कोतिर धनाढ्यले सांसद र मन्त्री पद किनेर पार्टीहरुलाई नै आफ्नो कब्जामा लिएर सिंगो राजनीतिलाई विकृत बनाएको प्रदेश प्रमुख घर्तीले टिप्पणी गरे।

'राजनीतिमा आउँदा केही नभएका नेताहरु सांसद मन्त्री भएपछि विना उद्योग व्यापार पजेरो प्राडो चढ्ने, करोडौंका घर जग्गाका मालिक कसरी भए ?',

» बाँकी ३ पेजमा

## 'थारूमाथि भइरहेका विभेद र असमानता अन्त्य हुन्छ'



भैरहवा। उप-प्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले थारु समुदायमाथि भइरहेका विभेद र असमानता अन्त्य गर्ने बताएका छन्। थारु कल्याणकारिणी सभाको २३औं महाधिवेशनको शनिबार रुपन्देहीको भैरहवामा उद्घाटन गर्दै अर्थमन्त्री पौडेलले संविधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेका दलहरु कांग्रेस र एमालेको सरकारले थारु समुदायको उन्नति र प्रगतिको लागि अगुवाइ गर्ने बताए ।'राणा शासन, पञ्चायती व्यवस्था र राजतन्त्रको अन्त्यका लागि संघर्ष गरेका दलहरुको सरकार बनेको छ, यो सरकारले थारु समुदायमाथि कुनै प्रकारको विभेद र असमानता हुन दिँदैन', पौडेलले भने-'थारु समुदाय आदिवासी र धर्तीपूत्र हुन्, यो समुदायप्रति गर्व गर्नुपर्छ।'

नेपाल सबै जातजातिको साझा फूलबारी हो भन्दै अर्थमन्त्री पौडेलले आपसमा तिक्तता नभई मित्रता र एकता आवश्यक रहेको बताए।

» बाँकी ३ पेजमा

## प्रचण्डको चिनियाँ कार्डमा एमालेको आपत्ति

काठमाडौं। सत्तारुढ नेकपा एमालेले 'प्रधानमन्त्री केपी शर्मा ओलीले 'चाइना कार्ड' प्रयोग गरेर चीन भ्रमणमा जान लागेको' भन्ने पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भनाइप्रति आपत्ति जनाएको छ। एमालेका विदेश विभाग प्रमुख रघुविर महासेठले शनिबार विज्ञप्ति जारी गर्दै प्रचण्डको त्यो अभिव्यक्ति गैरजिम्मेवार, नेपालको सार्वभौम प्रतिष्ठा र कूटनीतिलाई गहिरोगरी असर पार्ने खालको रहेको टिप्पणी गरेका हुन्।

विज्ञप्तिमा भारतीय अखबार 'दी हिन्दू'लाई दिएको अन्तर्वार्तामा प्रचण्डले 'चिनियाँ कार्ड प्रयोग गर्न खाजेको' र 'चीन भ्रमणमा जानु अपरिपक्वताको प्रमाण' भएको भन्ने अभिव्यक्ति दिएको दाबी गरिएको छ। प्रचण्डको उक्त अभिव्यक्ति कूटनीतिक मर्यादा विपरित र नेपालको स्वतन्त्रताप्रति पूर्णरुपमा अनादर भएको आरोप लगाइएको छ।

## 'अन्तर्राष्ट्रिय उडान नियमित गराउन साझा पहल जरुरी'



**लुम्बिनी संवाददाता**
*बुटवल*

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णरुपमा सञ्चालनका लागि सबैको हातेमालो र ऐक्यबद्धता आवश्यक रहेको पर्यटन व्यवसायीहरुले बताएका छन् । नेपाल एसोसियसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) लुम्बिनी प्रदेशले शनिबार बुटवलमा आयोजना गरेको 'गौतमबुद्ध विमानस्थल नियमित उडानको लागि पर्यटन व्यवसायीको भूमिका' विषय कार्यक्रममा सहभागीहरूले निर्माण सम्पन्न भएको लामो समयपछि एकै पटक ५ वटा अन्तर्राष्ट्रिय उडान सुरु भए पनि यसलाई दीर्घकालीन रुपमा नियमित सञ्चालन गर्नका लागि सबैको पहल र सहकार्य हुन जरुरी रहेको बताएका हुन्। नाटा लुम्बिनी प्रदेश अध्यक्ष रचना पन्तले गौतमबुद्ध विमानस्थल सञ्चालनका लागि सबैको हातेमालो र ऐक्यबद्धता आवश्यक रहेको बताउँदै ट्राभल एजेन्टका साथै, होटल व्यवसायी, यातायात व्यवसायीलगायतले पनि भूमिका खेल्नुपर्ने बताइन। नाट्टा लुम्बिनीका निवर्तमान अध्यक्ष सागर अधिकारीले अन्तर्राष्ट्रिय उडान सुरु भए पनि विमानस्थलमा यात्रुमैत्री पूर्वाधारहरु तयार भइनसकेको बताए। यात्रुलाई सहज हुने गरेर तत्काल आवश्यक पूर्वाधार तयार गर्नुपर्ने बताए।

नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दाहालले काठमाडौं केन्द्रित सौंचाइको कारण नयाँ विमानस्थल सञ्चालन हुन गाह्रो भएको बताए। उनले काठमाडौं केन्द्रित सोंचाइको लागि बाहिरका व्यवसायीले दबाब दिनुपर्ने उल्लेख गरे। नाट्टा गण्डकीका निवर्तमान अध्यक्ष हरेराम अधिकारीले भैरहवा विमानस्थल चलाउन आफ्नो प्रदेशको पनि साथ रहने उल्लेख गरे।

यस्तै नाट्टा गण्डकीकी उपाध्यक्ष संगीता पौडेलले विमानस्थल चलाउन प्याकेज बिक्री गर्नुपर्ने बताइन्। नाट्टा सुदूरपश्चिम अध्यक्ष पदमविक्रम सिंहले भैरहवा विमानस्थलमा अवसर र चुनौती दुवै रहेको बताउँदै दीर्घकालीन रुपमा सञ्चालनको लागि कूटनीतिक पहल आवश्यक रहेको बताए।

» बाँकी ३ पेजमा

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-८, रुपन्देही
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

दैनिक लुम्बिनी

# सम्पादकीय

## दाहालको गैरजिम्मेवार अभिव्यक्ति

प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमण सम्बन्धमा पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले दिएको अभिव्यक्ति गैरजिम्मेवार र राष्ट्रियहित विपरीत त छँदैछ, त्योकूटनीतिक मर्यादाविपरीत पनि छ।

राजनैतिक दल र नेताहरुबिच आन्तरिक राजनीतिमा विवाद र असहमति हुनसक्छ, तर त्यही आन्तरिक असहमति र विवादलाई विदेश मामलामा प्रकट गर्नु दाहालको अपरिपक्क अभिव्यक्ति हो । दाहाल अस्थिर चरित्रका नेता हुन् । अस्थिर चरित्रको पहिचान बनाएका दाहालको त्यो चरित्र सतहमा प्रकट भयो ।

भारतीय पत्रिका 'द हिन्दू'सँगको अन्तरवार्तामा दाहालले ओलीको आसन्न चीन भ्रमण 'चाइना कार्ड' प्रयोग गर्नेमा केन्द्रित देखिएको अभिव्यक्ति सत्ता बाहिर बस्नु परेको पीडा र कुण्ठा हो । सत्ता बाहिर बस्ने बित्तिकै राष्ट्रिय स्वार्थ र हितलाई ख्याल नगर्ने राजनैतिक नेतृत्वबाट धेरै अपेक्षा गर्नु गम्भीर भुल हो । दाहालले भनेझैं भारतको भ्रमण गरेपछि नेपालका प्रधानमन्त्री चीन जानुपर्छ भन्ने परम्परा छैन । नेपाल सार्वभौम मुलुक हो । सार्वभौम मुलुकको प्रधानमन्त्रीले आफ्नो अनुकुलता र मुलुकको हितलाई ख्याल गरेर जुनसुकै मुलुकको भ्रमण गर्न सक्छन् । प्रधानमन्त्री भएपछि ओलीले पहिलोपल्ट अमेरिकामा राष्ट्रसंघको महासभामा गए । त्यहाँ उनले अमेरिकी राष्ट्रपतिसहित विभिन्न देशका राष्ट्रप्रमुख र सरकार प्रमुखलाई भेट गरे । त्यसमध्ये भारतका प्रधानमन्त्री समेत थिए । नेपालका प्रधामन्त्रीले अनुकुलतामा पहिले भारत वा चीनमध्ये पहिले जुनसुकैको भ्रमण गर्नु सामान्य विषय हो । यो विषयलाई मुद्दा बनाएर राजनैतिक स्वार्थ पूरा गर्न खोज्दा परराष्ट्र सम्बन्धमा असर पर्न सक्छ भन्ने हेक्का नहुनु दाहालको कमजोरी हो । दाहाल पहिलोपल्ट प्रधानमन्त्री हुँदा पहिले चीन भ्रमण गरेका थिए । नेपाल कुनै मुलुकप्रति आश्रित नभई स्वतन्त्र भूमिकामा बसेर छिमेकसँग सन्तुलित सम्बन्ध राख्न सक्नुपर्छ ।

भारत नेपालको छिमेकी मुलुक हो । छिमेकसँगको सम्बन्धमा सकेसम्म समस्या नआउने गरी ध्यान दिनुपर्ने र आइहालेमा समाधान गर्नुपर्छ । भारतझैं चीनसँगको सम्बन्धमा पनि सरकारले त्यसैगरी प्राथमिकता र महत्व दिनुपर्छ । दुई मुलुकसँगको सन्तुलित सम्बन्धमा नै मुलुकको हित छ ।

अहिले प्रधानमन्त्री ओलीको चीन भ्रमणको सम्बन्धमा दाहालले जुन अभिव्यक्ति दिए, त्यसले नेपालको असंलग्न नीति र पञ्चशिलको सिद्धान्त विपरीत छ । पूर्व प्रधानमन्त्री दाहाल प्रमुख प्रतिपक्ष दलका नेता समेत हुन् । मुलुकको परराष्ट्र सम्बन्धलाई असर पार्ने गरी दिएको अभिव्यक्ति फिर्ता लिनु र माफी माग्नु मुलुकको मात्रै नभएर स्वंय दाहालको हितमा छ ।

# नैतिकता र स्वतन्त्रताको मूल्य



सञ्जीव कार्की

*स्वतन्त्रता सामाजिक नैतिकताको विषय हो । मानवीय, सभ्यता र शिष्ट अनुशासित समाजमा मर्यादित स्वतन्त्रताको अभ्यास गरिन्छ । वाक् स्वतन्त्रताको अर्थ, वाक् मर्यादा गुमाउनु होइन । मर्यादित स्वतन्त्रताको पक्षधर हुनु अधिकार र गौरवको विषय बन्छ । मर्यादित स्वतन्त्रताभित्र पत्रकारिताका आधारभूत सिद्धान्तहरू सन्निहित रहन्छन् । शुद्धता, सन्तुलन, विश्वसनीयता, शिष्टता, नैतिकता र स्वच्छता, त्यस्तै गरी व्यक्तिगत स्वतन्त्रताभित्र पनि मर्यादा, शिष्टता नैतिकता र अन्य पक्षको स्वतन्त्रता र स्वाभिमानमा आँच नपुऱ्याउने इमान वाक् स्वतन्त्रतालाई लोकतन्त्रको प्राणवायुको नामले पनि पुकारिन्छ । स्वतन्त्रताको महत्व के र कति हुन्छ त्यो स्वतन्त्रताको उपयोग गर्न नपाएका पुस्ता र विश्वमा वाक् स्वतन्त्रता खोसिएका मान्छेले व्यक्त गर्ने पीडामा व्यक्त भएको देखिन्छ । 'मेरो कलम नभाँच, मेरो बोल्ने मुख नथुन, मेरो हात गोडामा नेल नठोक भन्ने बीपी कोइरालाका समकालीन सबै कम्युनिट कांग्रेस र २०४६ सम्मको स्थिति बेहोर्ने आममान्छेलाई थाहा छ बन्धनभित्र कैद भएको स्वतन्त्रताको अर्थ ? राजा ज्ञानेन्द्र शाहले २०६१ मा सञ्चार माध्यममा गरेको निषेधको परिणति के भयो दुनियाँ जगजाहेर छ ।*

स्वतन्त्रता सीमारहित हुँदैन । सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने स्वतन्त्रता हाम्रो अभीष्ट होइन । स्वतन्त्रता पनि उचित र अनुचितको परिभाषामा अनुबन्धित रहन्छ। अश्लील स्वतन्त्रता र सामाजिक मूल्यसहितको स्वतनत्रता पृथक् कुरा हो । हाम्रो समाज यदाकदा सीमारहित स्वतन्त्रताको पक्षधर बन्न खोज्छ त्यो ज्यादै जोखिमयुक्त स्वतन्त्रताको माग हो त्यसले स्वतन्त्रताको मानक स्थापना गर्दैन । स्वतन्त्रतालाई छाडातन्त्रसँग एकाकार गराउँछ ।

स्वतन्त्रताको अर्थ नेपाली बृहत् शब्दकोशमा यसरी परिभाषित गरिएको छ : 'कुनै प्रकारको शासनिक बाधा, बन्धन आदि नभई उचित कार्य र व्यवहार गर्न पाउने अधिकार; स्वातन्त्र्य ।' यसले उचित कार्य र व्यवहार गर्न पाउने अधिकार भनेर स्वतन्त्रतामा उचित शब्द पनि थपिदिएको छ । स्वतन्त्रता भनेको मनलाग्दी गर्न पाउने व्यवस्था नभएर योग्य र सुयोग्य सूचना पाउने नागरिकको हक हो । सबै सूचना र समाचार प्रसारण र प्रकाशनलायक हुँदैनन्, त्यसैले समाचार स्क्रिनिङको योग्यता र आचरण आवश्यक हुन्छ ।

स्वतन्त्रताको निरपेक्ष अर्थ खोज्न थालियो भने स्वतन्त्रता मर्यादाहीन र अराजक हुन्छ । स्वच्छन्दता स्वतन्त्रता होइन । बेलगाम तरिकालाई स्वतन्त्रताको अर्थ भिराइयो भने समाज जसरी आज अराजक बनेको छ, त्यसरी नै बन्दै जाने छ । पाए जति सूचना बजारमा पठाउनु स्वतन्त्रताको दुरुपयोग हुन्छ । नियमको उल्लङ्घन हुन थालेपछि नियन्त्रण र नियोजनको विषय उठ्छ र कानुन आकर्षित बन्छ, त्यसैले हाम्रो प्रेसलगायत अन्य सामाजिक सञ्जालको स्वतन्त्रता नियन्त्रण उन्मुख बन्दै छ । नियमन र निषेध दुई फरक कुरा हुन् ।

मर्यादित स्वतन्त्रता आजको आवश्यकता बनेको छ । प्रेस स्वतन्त्रता, व्यक्तिगत स्वतन्त्रता र पारदर्शिताको नाममा जुन हदका निकृष्ट कार्य भएका छन्, हुने गरेका छन्, तिनले प्रेस स्वतन्त्रताको खिल्ली उडाएका छन् । व्यक्तिगत स्वतन्त्रतालाई पुनः परिभाषित गर्नुपर्ने बनाएका छन् । स्वतन्त्रताको परिभाषामा अराजकता थपेका छन् । आमप्रबुद्ध मान्छेको चासो र स्वतन्त्रताको लडाइँ लडेकाहरूको चिन्ता अनि चर्चाको विषय अशिष्ट स्वतन्त्रताको विपक्षमा छ । शिष्ट मर्यादित र सापेक्षित स्वतन्त्रताको पक्षमा छ ।

स्वतन्त्रता सामाजिक नैतिकताको विषय हो । मानवीय, सभ्यता र शिष्ट अनुशासित समाजमा मर्यादित स्वतन्त्रताको अभ्यास गरिन्छ । वाक् स्वतन्त्रताको अर्थ, वाक् मर्यादा गुमाउनु होइन । मर्यादित स्वतन्त्रताको पक्षधर हुनु अधिकार र गौरवको विषय बन्छ । मर्यादित स्वतन्त्रताभित्र पत्रकारिताका आधारभूत सिद्धान्तहरू सन्निहित रहन्छन् । शुद्धता, सन्तुलन, विश्वसनीयता, शिष्टता, नैतिकता र स्वच्छता, त्यस्तै गरी व्यक्तिगत स्वतन्त्रताभित्र पनि मर्यादा, शिष्टता नैतिकता र अन्य पक्षको स्वतन्त्रता र स्वाभिमानमा आँच नपुऱ्याउने इमान वाक् स्वतन्त्रतालाई लोकतन्त्रको प्राणवायुको नामले पनि पुकारिन्छ । स्वतन्त्रताको महत्व के र कति हुन्छ त्यो स्वतन्त्रताको उपयोग गर्न नपाएका पुस्ता र विश्वमा वाक् स्वतन्त्रता खोसिएका मान्छेले व्यक्त गर्ने पीडामा व्यक्त भएको देखिन्छ । 'मेरो कलम नभाँच, मेरो बोल्ने मुख नथुन, मेरो हात गोडामा नेल नठोक भन्ने बीपी कोइरालाका समकालीन सबै कम्युनिट कांग्रेस र २०४६ सम्मको स्थिति बेहोर्ने आममान्छेलाई थाहा छ बन्धनभित्र कैद भएको स्वतन्त्रताको अर्थ ? राजा ज्ञानेन्द्र शाहले २०६१ मा सञ्चार माध्यममा गरेको निषेधको परिणति के भयो दुनियाँ जगजाहेर छ ।

प्रजातन्त्रको मौलिक हक हो, स्वतन्त्रता । नेपालमा थुप्रै आन्दोलन भए सशस्त्र, निशस्त्र । सङ्घर्ष प्रजातान्त्रिक स्वतन्त्रता सुनिश्चित गर्नकै लागि भएका थिए । प्रेस स्वतन्त्रता, लोकतान्त्रिक व्यवस्थाको मेरुदण्ड मानिन्छ । कसैको हस्तक्षेप, नियन्त्रण र नियोजन बिनास्वतन्त्र तवरले कार्य गर्ने लेख्ने बोल्ने, सङ्घ सङ्गठन खोल्न पाउने वा निर्बाध रूपमा आफ्ना गतिविधि गर्न पाउने अवरोधरहित अवस्थाको प्रावधान हो ।

लोकतान्त्रिक मर्यादा मूल्य र अस्मिताको जीवन्तता र गतिशीलता वाक् स्वतन्त्रताको परिधिका रूपमा व्याख्या विश्लेषण गरिन्छ । विचार अभिव्यक्तिको स्वतन्त्रताले खुला समाजको वृद्धि र विकासमा बहुकोणबाट मद्दत पुऱ्याइरहेको पाइन्छ । विचार प्रवाह गर्ने, आफ्नो मार्गनिर्देश सम्प्रेषण गर्ने स्वतन्त्रताले नागरिकलाई बलियो बनाउन र अन्यायको विरुद्ध प्रथम प्रतिरोध गर्न बल प्रदान गर्छ ।

स्वतन्त्र र निष्पक्ष ढङ्गले गर्ने टिप्पणी आलोचना र विरोधले गलत प्रवृत्तिलाई सचेत गराउने, झापड लाउने र केहीहदसम्म नियन्त्रण गर्ने काम गर्छ । संवैधानिक हकका रूपमा नै सुरक्षित अभिव्यक्ति स्वतन्त्रता प्रयोग गर्न नजान्दा यसको मर्यादा उल्लङ्घन गर्दा आममान्छे नेतागण र पत्रकारलगायत बारम्बार चुकेका छन्/छौँ । आधुनिक सूचना प्रविधि र अधिकांश मान्छेको हातमा सञ्चार माध्यमका थरी थरी साधन भएकाले एक क्लिकमा कुनै पनि अभिव्यक्ति तत्क्षण विश्वव्यापीकरण गर्ने अवसर प्राप्त छ, फलतः जुनसुकै घटना पनि सामाजिक सञ्जालमा पुग्छ र तत्काल टिप्पणी प्रतिटिप्पणी हुन थाल्छ ।

हामी स्वतन्त्रताको नाममा जुन कुरा गरिरहेका छौँ र निर्बाध पाउने हक भन्छौँ, त्यो मर्यादामाथिको उपहास हो । स्वच्छन्दता होइन स्वतन्त्रता, यसको मर्यादा, सीमा र नैतिक बन्धन सामाजिक अभ्यास पनि छन् । ब्रेक थ्रु गर्ने र ब्रेकिङ न्युज बनाउने होडले, लोकप्रिय बन्ने ध्याउन्नले अभिव्यक्ति अधिकारको नाममा हामीले कर्तव्य र जिम्मेवारी बिर्सिरहेका छौँ । जान अन्जानको हतारोले विचार अभिव्यक्त गर्दा क्षण भरमै कसैको जिन्दगी बर्बाद पार्ने र सामाजिक हैसियत धुलिसात पारिदिने कामसमेत भएका छन् । गलत सन्देश प्रवाह गर्दा र कतिपय संवेदनशील विषयका सन्देश प्रकाशन गर्दा पर्ने दीर्घकालीन असरलाई, व्यक्तिगत चरित्र हत्यालाई संवैधानिक बन्दोबस्तीको आडमा बचाउन सकिन्न । त्यसैले सचेतता अत्यन्तै जरूरी हुन्छ । लोकतन्त्र बलियो बनाउन हरेक विषयमा जनमतको छलफलले दिने राय, सचेत खबरदारी अनि अभिमतको खाँचो र पारदर्शिता हुन्छ तर सबै विषयमा पारदर्शिताको माग गर्दै स्वतन्त्रताको कुरा गर्नु कर्तव्यप्रति आँखा चिम्लनु हो ।

स्वच्छ आलोचना, स्वस्थ निर्देशन र सैद्धान्तिक टिप्पणी, सैद्धान्तिक प्रतिटिप्पणीले सरकारी नीतिहरू दिशाहीन बन्दैनन्, प्रवृत्तिगत आलोचनाले व्यक्तिको मान मर्दन हुँदैन । वाक् तथा अभिव्यक्ति स्वतन्त्रता आजको समाजको अभिन्न पक्ष हो । पृथक् पृथक् विचार सैद्धान्तिक मान्यता, दर्शन अनि व्यवहार भएको बहुल समाजमा सबैको एकै विचार मान्यता र विश्वास पाइन्न, त्यसैले कतिपय अभिव्यक्ति अलि असहज र अस्वाभाविक तवरका साथ आउँछन् । दमनको हतियारले तह लगाउने नभएर उत्कृष्ट नैतिक दबाबसहित मर्यादा र सीमामा बसेर प्रतिरोध गर्नु पर्छ ।

लोकतन्त्रको आधारभूत तत्व अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता नै हो तर यो मर्यादित, अनुशासित र अनुकरणीय हुनु पर्छ । वाक् स्वतन्त्रता मर्यादासहितको विशिष्ट संस्कृति पनि हो । नैतिक र जवाफदेही स्वतन्त्रताले मात्रै लोकतन्त्र मजबुत हुन्छ । प्रविधिको क्षणिक लाभ र कस्मेटिक आकर्षणभन्दा यसले पार्ने दूरगामी जोखिममा ध्यान पुग्नु जरुरी हुन्छ ।

मार्क्सवादी चिन्तक स्टुआर्ट हल "मिडियाले वास्तविक कुरालाई नकाव भिराउँछ" भन्छन्, तर मिडिया नै नहुनु जस्तो मध्ययुगीन अन्धकालको पृष्ठपोषण उनको उद्देश्य देखिन्न । मिडिया समग्रमा निषेध नभएको र अभिव्यक्तिको स्वतन्त्रता प्रकट गर्ने ठाउँ अन्यत्र पनि भएको कारण टिकटकमाथिको सरकारी प्रतिबन्ध विशेष आपत्तिको विषय नहुनु पर्ने हो । यद्यपि समस्या कन्टेनको हो । स्वच्छन्दता अभिव्यक्तिमा हो । प्लेटफर्म अर्थात् माध्यमको होइन । सामाजिक सद्भाव बिथोलिने, समाज भड्किने, प्रविधिबाट नभएर प्रयोगकर्ताबाट हो । नयाँ र प्रविधिमैत्री पुस्तालाई सामाजिक विमर्श र ज्ञान उत्पादनमा फ्यासिलिटेड गरौँ । गलत ज्ञान र गलत अफवाहबारे सचेत गराऔँ प्रविधिको नियमन गरौँ ।

वाक् स्वतन्त्रताको जति महत्व र अर्थ छ त्यति नै वाक् मर्यादाको पनि मूल्य र अस्तित्व छ । मूल्यहीन हुनु भनेको जथाभावी बोल्ने र बोलेको कुराको स्वामित्व नलिने, उत्तरदायी नबन्ने कारण नै बोलीको गरिमा गिरेको र बोली अर्थहीन बन्न पुगेको हो । निर्बाध वाक् स्वतन्त्रताको माग गर्ने अधिकार सम्झनेले वाक् मर्यादाको पक्ष कहिल्यै बिर्सन नमिल्ने विषय हुन् । अधिकारसँग कर्तव्य जस्तै वाक् स्वतन्त्रतासँग वाक् मर्यादा, वाक् सीमा र वाक् कर्तव्यका पक्ष अन्योन्याश्रित भएर रहेका हुन्छन् । एक सिक्काका दुई पाटा झैं हो वाक् स्वतन्त्रता र वाक् मर्यादा ? जसरी सिक्काको दुई पाटोबिना सिक्का खोटो हुन्छ, त्यसै गरी वाक् मर्यादा र वाक् स्वतन्त्रताबिना सभ्य र सुसंस्कृत बन्ने समाज खोटो हुन्छ । स्वतन्त्रतामा अनुशासन र नैतिकता अन्तर्निहित हुन्छ ।

वाक् स्वतन्त्रता अनुशासित र मर्यादित भए मात्र सभ्य समाज र संस्कृति निर्माण सहज हुन्छ । वाक् मर्यादाको सवाल वाक् स्वतन्त्रताको सङ्कुचन नभएर कर्तव्य र अधिकारलाई सँगसँगै बुझ्ने कडीको रूपमा लिनु पर्छ । वाक स्वतन्त्रता मर्यादित त्यस बेला पनि बढी हुन्छ जति बेला शासन र शासक मर्यादित र जिम्मेवार रहन्छन् । जिम्मेवार निकाय र सरकारलाई मात्र गैरजिम्मेवार स्वतन्त्रताको हनन गर्ने हक र नैतिक तागत रहन्छ । नियन्त्रित स्वतन्त्रताको विरोध र मर्यादित स्वतन्त्रताको पक्षमा आजको प्रेस र सामाजिक सञ्जाल रहनु जरुरी छ । वाक् स्वतन्त्रता विशिष्ट प्रयोग हो, अश्लील अभ्यास किमार्थ होइन । स्वतन्त्रता निरपेक्ष होइन सापेक्षित हुँदा यसको मर्यादा रहन्छ । अनियन्त्रित स्वतन्त्रता सामाजिक र नैतिक जोखिम हो ।

बहुदलीय व्यवस्थामा एक दलसँग अर्को दल असहमत हुन्छन् नै । एक नेतासँग अर्को नेताको विचार नमिल्न सक्छ । नेताकार्यकर्ता दलको विचार र नेताको नेतृत्व शैलीसँग सहमत भएर पार्टीहरूमा आबद्ध हुन्छन् त्यसैले कुनै पनि विचार नेता र शैलीसँग कोही पनि शतप्रतिशत सहमत बन्ने स्थिति हुँदैन । असहमत विचारको विपक्षमा खण्डन गर्ने आफ्नो तर्क दिने स्वतन्त्रता हुन्छ तर स्वतन्त्रताको उपभोग गर्ने कुनै पनि व्यक्ति र विचारको विरोध गर्ने प्रतिकार गर्ने विशेष अवस्था र प्रक्रिया पद्धति, संस्कृति र अभ्यासहरू छन् । राजनीतिक मञ्चबाट गर्नुपर्ने विरोध धार्मिक मञ्चबाट गरेको सुहाउन्न । त्यस्तै विशुद्ध प्रतिस्पर्धात्मक खेलको मजा लिने ठाउँमा कसैप्रतिको जिन्दावाद मुर्दावाद अराजनीति हो । नेता/मन्त्री र प्रधानमन्त्री, राष्ट्रपति उपस्तिथित गैरराजनीतिक क्षेत्रमा मुर्दावाद भन्नु अलोकतान्त्रिक घृणित अराजनीति हो । आफ्नो देशका खेलाडीको मनोबल वृद्धि गर्न दशरथ रङ्गशालाभित्र देशको प्रधानमन्त्री पुग्दा अमुक दलका कार्यकर्ताको राजनीतिक प्रेरित नाराबाजी आपत्तिजनक हो । खेलाडीको उत्साह बढाउन व्यक्ति केपी ओली होइन प्रधानमन्त्री संस्था, देशको कार्यकारी अथोरिटी गएको भन्ने बुझ्नु पर्छ । भोलि त्यो अथोरिटीमा आज नाराबाजी गर्नेहरूको नेता पनि जान सक्छ भन्ने नबुझ्नेले स्वतन्त्रताको कुरा किन गर्ने ?

राजनीतिक नारा लाउन खण्डन गर्न, विरोध र प्रतिवाद गर्न थुप्रै ठाउँ छन् । राजनीति पनि निश्चित ठाउँमा अनुशासन पालन गरेर खेलिने खेल जस्तै सामाजिक र संवैधानिक प्रबन्ध हो । भोलि बन्ने र आउने प्रधानमन्त्री पनि जुनसुकै पार्टी र जोसुकै व्यक्ति हुन सक्छन् र खेल हेर्न जान सक्छन् त्यस्तो बेला प्रधानमन्त्रीसँग असहमति राख्ने पार्टी र नेताकार्यकर्ताले विरोध गर्ने परिपाटी बस्यो भने को बच्ला कसका विरुद्ध नारा लाग्न छुट्ला ? यस्ता प्रवृत्ति र पक्षले स्वतन्त्रताको रक्षा गर्न सक्दैन । आत्मघाती स्वतन्त्रता र अराजक स्वतन्त्रता आममान्छेको चाह र संस्कृति होइन । मूल्यसहितको स्वतन्त्रताको वकालत गरौँ । मूल्यहीन र स्तरहीन स्वतन्त्रता त्याज्य ठानौँ । सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने स्वतन्त्रताको विपक्षमा मत निर्माण गरौँ । गोपबाट

# दाँत र गिजामा आउने समस्याबाट बच्न के गर्ने ?

डा. खुश्बु गोयल

नेपालीहरूमा दाँतमा कीरा लाग्ने र गिजाको समस्या बढी देखिन्छ । दाँतको समयमा हेरचाह नगर्दा विभिन्न समस्या देखा पर्ने गरेका छन् । दाँतका कारण मुखको रोग पनि देखा पर्छ ।

**मुख गन्हाउने कारण के–के हुन् ?**

सास गन्हाउने समस्याको मुख्य दुई कारण हुन्छ । एउटा मुखको कारण निम्तिन्छ र अर्को मुखभन्दा बाहिरको कारण । मुखमा घाउ खटिरा आएमा, जिब्रो राम्ररी सफा नहुँदा, गिजा पाकेमा, दाँतमा कीरा लागेमा, खाल्डो परेमा तथा दाँत राम्ररी सफा नभएमा पनि मुख तथा सास गन्हाउने गर्छ । त्यसैगरी दाँतको कापमा तथा मुखमा फोहोर जम्मा भएर बसेमा पनि त्यहाँ अड्किएका फोहोरका कारण मुख गन्हाउने गर्छ ।

त्यस्तै, मुखमा जटिल समस्या उत्पन्न भएमा मधुमेह, श्वासप्रश्वासनलीमा मिर्गौलामा समस्या उत्पन्न भएमा पनि मुख तथा सास गन्हाउने समस्या उत्पन्न हुने गर्छ ।

**गिजाबाट रगत आउने कारण ?**

नियमित ब्रस गरिएन वा गिजाको सफाइमा ध्यान दिइएन भने दन्ते लेउ जम्मा हुन्छ र गिजामा भएका ब्याक्टेरियाका कारण गिजा सुन्निने, चिलाउने दुख्ने र पाक्ने जस्ता समस्या देखिन्छ । जसले गर्दा सुरुमा गिजाबाट रगत आउने र समयमा उपचार भएन भने ठूलो सङ्क्रमणमा परिवर्तन हुनसक्छ । जसले गर्दा पेरियोडोन्टाइटस नामको रोगको मुख्य कारण बन्न सक्छ । त्यो रोगले गिजा यति कमजोर हुन्छ कि दाँत हल्लिने र झर्ने समस्या समेत आउँछ ।

**दाँत सिरिङ–सिरिङ गर्ने समस्याको कारण चाहिं के हो ?**



दाँत सिरिङ-सिरिङ हुनुलाई मेडिकल भाषामा हाइपर सेन्सेटिभिटी भनिन्छ । यसको विभिन्न कारण हुन्छ । दाँतको बाहिरी भागलाई इनामेल भनिन्छ । इनामेलभन्दा भित्रको भाग डेन्टिन हो । सबैभन्दा भित्रको भागलाई पल्प भनिन्छ । विभिन्न कारणवश इनामेल खिइँदा डेन्टिन देखिन्छ र सिरिङ-सिरिङ हुन्छ । गिजा आफ्नो ठाउँबाट तल झऱ्यो भने त्यसको कारण पनि दाँत सिरिङ-सिरिङ हुन्छ ।

**दाँत कीरा लाग्ने कारण नि ?**

दाँतमा कीरा विभिन्न कारणले लाग्छ । खानेकुरा खाएपछि राम्रोसँग सफा नहुँदा दाँत फोहोर हुन्छ र कीरा लाग्छ । खानेकुरा खाँदा दाँतमा अड्कियो र मुख कुल्ला गरिएन भने दाँतमा कीरा लाग्ने सम्भावना बढी हुन्छ ।

**गिजाको समस्या र दाँतमा कीरा लाग्ने समस्याको उपचार के छ ?**

यदि गिजासम्बन्धी कुनै समस्या देखा परे दन्त चिकित्सककहाँ गएर गिजामा जम्मा भएको दन्त लेउ र दन्ते पत्थरलाई सफा गर्नुपर्छ । जम्मा भएर बसेको फोहोर सफा भएपछि गिजाको समस्या ठीक हुन्छ ।

गिजासम्बन्धी जटिल समस्या देखिएको छ भने शल्यक्रिया पनि गर्नुपर्ने हुनसक्छ । गिजाको आकार एकदमै बढेको, गिजा तलतिर सरेको, गिजामा पिप जम्मा भएर ठूलो सुन्निएको जस्ता अवस्थामा शल्यक्रिया गर्नुपर्छ । यसका लागि गिजा रोग विशेषज्ञ दन्त चिकित्सकसँग परामर्श गर्नुपर्छ ।

दाँतमा कीरा लाग्न थालेपछि दाँतको सतह कालो हुँदै जान्छ । दाँतमा भर्खरै कीरा लाग्न थालेको छ भने सिमेन्ट लगाएर भर्न सकिन्छ । त्यस्तै कीरा लागेर दाँत खाल्डो भइसकेको छ भने दुई चरण गरेर सिमेन्ट लगाउन सकिन्छ ।

दाँत दुखेको, सुन्निएको र हल्लिएको छ भने दाँतलाई जरासम्म कीराले खाइसकेको बुझ्न सकिन्छ । त्यसका रुट क्यानल उपचार (आरसीटी) गर्नुपर्ने हुन्छ । यो विधिमा दाँतको जरादेखि उपचार गर्दा दाँतको चपाउने भाग वा भित्री भागमा सानो प्वाल बनाएर दाँतको नसासम्म पुगेर उपचार गरिन्छ ।

**दाँतको र गिजाको समस्याबाट बच्ने उपाय**

दिनको दुई पटक खाना खाइसकेपछि उपयुक्त तरिका प्रयोग गरेर दाँत माझ्नुपर्छ । दाँत माझ्दा फ्लोरिडेटेड पेस्टको प्रयोग गर्नुपर्छ, जसले दाँतलाई मजबुत बनाउँछ । दाँत माझ्नुका साथै हरेक पटक खाना खाइसकेपछि राम्रोसँग कुल्ला गर्नुपर्छ, जसले दाँतमा दन्ते लेउ जस्तो फोहोर बस्न दिंदैन । दाँतको बीचबीचमा रहेका फोहोरहरू ब्रस गर्दा ननिस्किन सक्छ । त्यसैले डेन्टल फ्लसको प्रयोग गरेर निकाल्नुपर्छ ।

मुखबाट दुर्गन्ध आउँछ भने माउथवासको प्रयोग गर्न सकिन्छ । तर यसलाई लामो समय प्रयोग गर्न भने मिल्दैन । माउथवासमा 'एन्टिब्याक्टेरियल प्रोपटी' हुन्छ । त्यसले मुखमा भएको चाहिने जीवाणुलाई पनि मारिदिन्छ र मुखमा फंगल इन्फेक्सन हुने, घाउ आउने जस्ता समस्या निम्तिन सक्छ । त्यसैले माउथ फ्रेसनरलाई दैनिक प्रयोग गर्नु राम्रो हुँदैन । चिकित्सकको सल्लाहमा प्रयोग गर्नुपर्छ ।

सकेसम्म वर्षको दुई पटक ६-६ महिनाको फरकमा वा कम्तीमा पनि वर्षमा एक पटक दन्त चिकित्सक वा विशेषज्ञ चिकित्सकसँग सल्लाह लिनुका साथै दाँत सफा गराउनुपर्छ । यसले दाँतमा निम्तिने जटिलताबाट बच्न सकिन्छ ।

**दाँत माझ्ने सही तरिका**

दाँतलाई सही तरिकाले दुई मिनेट ब्रस गरे पुग्छ । गिजा र दाँतको बीच प्लाक जम्मा हुने भएकाले ब्रसलाई दाँत र गिजातिर फर्काएर ब्रसको ब्रिसल्सलाई अगाडि पछाडि गरेर फोहोर निकालेर फाल्ने हो । तीन-तीनवटा दाँतलाई छुटाएर नरम तरिकाले दाँत माझ्नुपर्छ ।

दुई दाँतको बीचमा पनि ब्रस गर्नु आवश्यक हुन्छ । त्यसका लागि इन्टर डेन्टल ब्रसको प्रयोग गर्नुपर्छ । दुई दाँतको बीचमा ग्याप छैन भने डेन्टल फल्सको प्रयोगले सफा गर्नुपर्छ । यसरी माझ्यो भने दाँतमा समस्या कम आउँछ ।

# शंकरनगरलाई हराउँदै बुटवल राइनोज विजयी




भैरहवा । रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा डिभिजन 'बी'को शनिबारको खेलमा बुटवल राइनोज विजयी भएको छ । उसले शंकरनगर क्रिकेट क्लबलाई ३ विकेटले पराजित गर्दै विजयी भएको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा जारी प्रतियोगितामा जितका लागि पाएको १ सय ८ रनको लक्ष्य बुटवल राइनोजले ७ विकेट गुमाएर भेट्टायो । उसले मौसमका कारण ४० ओभरमा छोट्याइएको खेलमा ३५ ओभर २ बल खेल्दै लक्ष्य पूरा गरेको हो ।

बुटवल राइनोजका लागि नितिन त्रिपाठीले अविजित ४६, शिव कुँवरले २० र विपिनविक्रम शाहीले १९ रनको योगदान दिए । बलिङमा शंकरनगरका रुपेश बस्यालले २ तथा नवीन भण्डारीले १ विकेट लिए ।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको शंकरनगरले ४० ओभरमा ९ विकेटको नोक्सानीमा १ सय ७ रन बनाएको थियो । उसका लागि रुपेश बस्यालले २०, अवय विश्वकर्माले १७, अभिनव अधिकारीले १४ र जय गोदारले १२ रन जोडे पनि जितका लागि पर्याप्त भएन ।

बलिङमा बुटवल राइनोजका शिव कुँवर र विपिनविक्रम शाहीले २-२ तथा सुप्रिम कँडेल, विकाश साहु र शुभम घमालले १-१ विकेट हात पारे । खेलमा शिव कुँवर प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

सुपरलिगमा रुपन्देहीका 'ए' डिभिजनका ८ र 'बी' डिभिजनका १२ गरी २० टिम सहभागी छन् । यसपटक नेपाल सुपरलिगका कारण दुईचरणमा सुपरलिग हुनेछ । पहिलो चरणमा मंसिर १२ गतेसम्म 'बी' डिभिजनका खेलहरु हुनेछन् भने 'ए' डिभिजनका खेलहरु नेपाल सुपरलिग पछि आयोजना हुनेछ ।

# पुस्तक व्यवसायीको राष्ट्रिय जागरण अभियान पाल्पाबाट सुरु

पाल्पा । नेपाल पुस्तकतथा स्टेशनरी व्यवसायीमहासंघको राष्ट्रिय जागरण अभियान पाल्पाबाट सुरु भएको छ । राष्ट्रिय जागरण अभियानअन्तरगत लुम्बिनी प्रदेशको अभियान पाल्पाको तानसेनबाट सुरु भएको हो । मंसिर १ गतेबाट सुरु भएको अभियान मंसिर ८ गते समापन हुनेछ ।

राष्ट्रिय जागरण अभियानको सुरुवात गर्दै नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष मातृका शिवाकोटीलेव्यवसायीहरुबिच भाइचारा, व्यवसायको वृद्धि विकास, तथा सांगठनिक सुदृढीकरणको लागि अभियान सुरु गरेको बताए ।

जागरण अभियानअन्तरगत सबै जिल्लामा पुगेर व्यवसायीहरुबाट आएको सुझाबअनुसार नयाँ कार्ययोजना लिएर केन्द्रीय समितिले यो अभियान थालेको उनले बताए । महासंघका लुम्बिनी प्रदेश अध्यक्ष हेमानन्द शर्माले व्यवसाय सफल पार्न महिलाको ठूलो भूमिका रहेकोले सार्वजनिक पदहरुमा पनि महिलाहरुलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । कार्यक्रममा रुपन्देही जिल्ला अध्यक्ष गोपाल बस्यालले जागरण अभियानको समापन रुपन्देही जिल्लाले भव्य रुपमा बुटवलमा गर्ने बताए ।

कार्यक्रममा पूर्व अध्यक्ष किशोर भट्टराईले जिल्लाको व्यवसायिक बस्तुस्थितिको विषयमा जानकारी गराएका थिए । जिल्लाका सल्लाहाकार राजेन्द्र लिगलले जागरण अभियानलाई सफलताको शुभकामना दिए । कार्यक्रममा पाल्पाका संस्थापक अध्यक्ष केदारलाल श्रेष्ठलाई दोसल्लाले सम्मान गरिएको थियो । कार्यक्रम लुम्बिनी प्रदेश अध्यक्ष हेमानन्द शर्माको अध्यक्षता, पाल्पा अध्यक्ष रामप्रसाद पन्थीको स्वागत र सचिव विष्णु खनालको सञ्चालनमा सम्पन्न भएको हो ।

# बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तयार गरिँदै

काठमाडौँ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देशका विभिन्न जिल्लामा भएका बाल विवाह अन्त्य गर्ने उद्देश्यले 'बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०८१' ल्याउने भएको छ ।

बालविवाहका कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्या देखिने, लैङ्गिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिला थप प्रताडित हुने समस्या रोक्नका लागि पनि रणनीति निर्माणको अन्तिम चरणमा पुगेको महिलामन्त्री नवलकिशोर साह सुडीले जानकारी दिए ।

"अशिक्षा, आर्थिक अवस्था कम्जोर र बालविवाह गर्दा हुनसक्ने समस्याका बारेमा जानकारी नभएकै कारण ग्रामीण क्षेत्रका बालबालिकाहरु उमेरै नपुगी वैवाहिक जीवनमा जोडिन बाध्य छन्, विशेषगरी बालविवाहलाई व्यावहारिक रुपमै अन्त्य गर्नका लागि पनि रणनीति र्निमाण लागिएको हो ।"- मन्त्री सुडीले भने ।

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार भएको र बालबालिकाको शिक्षा, प्रजनन् स्वास्थ्य र बाल अधिकारलाई ध्यानमा राखी नेपालमा २० वर्षमुनि उमेरका व्यक्तिको विवाहलाई बालविवाह मानिएको छ ।

नेपालको संविधान, राष्ट्रिय बालबालिका नीति, २०८०; मुलुकी अपराधसंहिता, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५ तथा बालबालिकासम्बन्धी नियमावली, २०७८; स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालविवाहविरुद्धको रणनीति, २०७२ लगायत अन्य कानुन पनि बालविवाह अन्त्यका लागि कार्यान्वयनमा रहेका छन् ।

बालबालिकाको हक र अधिकारको सुनिश्चतताका लागि बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ र महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्य गर्ने महासन्धि, १९७९ लाई अनुमोदन गरी बालबालिका र महिलाको अधिकारलाई कार्यान्वयनका लागि प्रतिबद्धता जनाएको छ ।

दिगो विकासको लक्ष्य (२०१६-२०३०) लगायतका मानव अधिकार र बाल अधिकारसँग सम्बन्धित दस्ताबेजहरूलाई नेपालले अङ्गिकार गरेको छ । नेपालको कुल जनसंख्या दुई करोड ९१ हजार ६४ हजार पाँच सय ७८ मध्ये बालबालिका (१८ वर्षसम्मका) को ९८ लाख ६९ हजार पाँच सय ८३ (३३.८४ प्रतिशत) रहेका छन् । जसमध्ये बालक ५१.८ प्रतिशत र बालिका ४८.२ प्रतिशत रहेको छ । कुल पुरुषमध्ये बालक ३६ प्रतिशत र कुल महिलामध्ये ३२ प्रतिशत बालिका रहेको छन् ।

नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७६ अनुसार २० देखि २४ वर्ष उमेर समूहका विवाहित व्यक्तिहरुमध्ये १५ वर्षमुनिका ५.२ प्रतिशत (पुरुष १.५ प्रतिशत र महिला ७.९ प्रतिशत) र १८ वर्षमुनिका २२.७ प्रतिशत (पुरुष नौ प्रतिशत र महिला ३२.८ प्रतिशत) को विवाह भएको पाइएको छ ।

राष्ट्रिय बाल अधिकार परिषद्का प्रवक्ता रामबहादुर चन्दले गरिबी, बाल अधिकारप्रति बेवास्ता, दायित्व र जिम्मेवारी बहन हुन नसक्नु, बालबालिका प्राथमिकतामा नपर्नु, समन्वय, सहयोग, सहजीकरण र सहकार्यमा कमी हुनु, कानुनी र नीतिगत व्यवस्थाअनुरुप योजना र कार्यक्रम तर्जुमा र भएका पनि कार्यान्वयन हुन नसक्नु बाल विवाहका मुख्य समस्या र चुनौती भएको बताए ।

# जनशक्ति अभावले घरेलु उद्योग बन्द हुँदै


File pic

गलकोट (बागलुङ) । जनशक्ति अभावले जिल्लाका घरेलु तथा साना उद्योग बन्द हुन थालेका छन् । गत आर्थिक वर्ष २०८०/८१ मा उद्योग दर्ता गर्नेभन्दा लगत कट्टा गर्नेको संख्या बढी देखिएको हो ।

बढ्दो बसाइँसराइ, शिक्षा तथा रोजगारीका लागि विदेश पलायनलगायत कारणले जनशक्ति अभाव भई जिल्लाका उद्योगहरू बन्द हुन थालेका जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयको तथ्याङ्कले देखाउँछ ।

गत आवमा ४६ उद्योग दर्ता भएका छन् भने ६७ उद्योगको लगत कट्टा गरेका कार्यालयका प्रमुख पारसिंह थापाले जानकारी दिए । उनका अनुसार गत आवमा सात उत्पादनमूलक, १५ कृषि तथा वनजन्य, छ पर्यटनसम्बन्धी उद्योग, १८ सेवामूलक गरी ४६ वटा उद्योग दर्ता भएका छन् ।

एक वर्षमै ६७ वटा उद्योगहरु भने बन्द भएको जानकारी थापाले दिए । उनका अनुसार उत्पादन मूलक ११, कृषि तथा वन जन्य १८ उद्योग, पर्यटनतर्फ १७ उद्योग, सेवामुलक २१ वटा उद्योगले लगत कट्टा गरेका छन् ।

"बसाइँसराइ र वैदेशिक रोजगारीको प्रभावले घरेलु तथा साना उद्योग बन्द हुनेक्रम बढेको हो । साथै अनुदान तथा आर्थिक गतिविधि देखाउन दर्ता गर्ने र पछि बन्द गर्नाले पनि उद्योगको स॒ख्या घटेको हो", प्रमुख थापाले भने-"वाणिज्यतर्फ फर्म दर्ता गर्ने बढी छन् ।"

एक सय चार फर्म दर्ता हुँदा ८८ को लगत कट्टा गरिएको उनले बताए । उनका अनुसार अहिले पर्यटन तथा उद्योग कार्यालयमा तीन सय १८ उद्योग र चार सय ७२ वाणिज्यतर्फका फर्म नवीकरण भएका छन् ।

## ३४ वडाध्यक्ष...

राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पदधारण गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी र विद्यालयमहाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारीको हकमा पनि आचारसंहिता लागू हुने आयोगले जनाएको छ ।

यसैगरी, मतदाता, विकास साझेदार संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिले आचारसंहिताको पालना गर्नुपर्नेछ ।

आचारसंहिता लागू भएको जिल्लाका निर्वाचन हुने स्थानीय तहबाहेक अन्य क्षेत्रमा निर्वाचन आचारसंहिताले निषेध गरेका कार्य गर्नु/गराउनु परेमा निर्वाचन आयोगलाई पूर्वजानकारी दिई निकास भएबमोजिम गर्न सकिने आयोगले जनाएको छ ।

'निर्वाचन आचारसंहिता सम्पूर्ण व्यक्ति, संस्था तथा अधिकारीको कानुनी दायित्व एवम् नैतिक बन्धन भएकाले यसको सम्पूर्ण रुपले पालना गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रुपमा सम्पन्न गर्ने कार्यमा सबैको सहयोग हुनेमा आयोग विश्वस्त छ ।'-प्रवक्ता पोखरेलले भनिन् ।

आचारसंहिता विपरीतका काम भए/गरेको पाइएमा वा हुन सक्ने पर्याप्त आधार र कारण देखिएमा मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले उजुरी दिन पनि आयोगले आग्रह गरेको छ ।

## ३ प्रदेश...

घर्तीले भने-'अर्कोतिर धनाढ्य व्यापारीले पैसाको बलमा टिकट पाउने, पैसाकै बलमा चुनाव जित्ने, सांसद र मन्त्री बन्ने परिपाटी भयो, राजनीति भ्रष्टहरुको चंगुलमा गयो, यो सबै ठीक होइन त्यही भएर म पार्टी सभापतिले पटक-पटक सांसद बनभन्दा पनि नगएको हुँ ।'

घर्तीले नेपालको राजनीति सही दिशामा नगएको र जनता सन्तुष्ट नभएको, तर राजतन्त्रतिर फर्किन सम्भव नभएको बताए ।

उनले आफू पदबाट राजीनामा दिन तयार रहेको, तर देशलाई हानी नोक्सानी गर्ने कुरा स्वीकार्य नहुने बताए ।

## थारुमाथि...

संविधान गतिशील दस्ताबेज भएकाले समाजको आवश्यकताका आधारमा परिस्कृत हुँदै जाने उनको भनाइ छ । नेकपा एमालेका उपाध्यक्ष समेत रहेका पौडेलले संविधानको रक्षा र प्रभावकारी कार्यान्वयनको माध्यमबाट सबै समुदाय, वर्गलाई सम्मान र न्याय दिइने बताए ।

कार्यक्रममा थारु कल्याणकारिणी सभाका महामन्त्री प्रेमीलाल चौधरीले थारु समुदाय अधिकारबाट वञ्चित भएको बताए । उनले थारु समुदायको माग सम्बोधन गर्न सरकारलाई आग्रह गरे ।

## अन्तर्राष्ट्रिय...

कार्यक्रममा नाट्टा लुम्बिनीका वरिष्ठ उपाध्यक्ष चन्द्र थापा, उपाध्यक्ष अनिलप्रसाद श्रेष्ठ, नाट्टा पाल्पाका अध्यक्ष राजिवकुमार शाह, होटल तथा रेष्टुरेण्ट व्यवसायी संघका सल्लाकार भिमलाल न्यौपाने, संघका सचिव अर्जुन थापालगायतले विमानस्थल सञ्चालनको लागि भैरहवा र अरु शहरसँग सहज कनेक्टीभिटी हुनुपर्ने, होटल व्यवसायीहरुले छुट सुविधा प्रदान गर्नुपर्ने, बुद्धिष्ट मुलुकमा लुम्बिनी लगायत यहाँको पर्यटकीय गन्तव्यको प्रचारप्रसार गर्नुपर्ने बताएका थिए । कार्यक्रममा सहभागी सञ्चारकर्मीहरुले विमानस्थल सञ्चालनको लागि आफूहरुको साथ निरन्तर रहने उल्लेख गरेका थिए ।

**Sandhikharka Municipality**
Office of Municipal Executive
Sandhikharka, Arghakhanchi

**Invitation for Electronic Bids**

Date of publication: 2081/8/2 (17thNovember, 2024)

1. Sandhikharka Municipality, Office of the Municipal Executive, SandhikharkaArghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system.All others information and bid document can be downloaded from PPMO's e-GPA system. www.bolpatra.gov.np/egp.

| Contract ID | Descriptions of Work | Estimate Amount (excluding Vat) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Bid Security Period | Last date of Bid Submission | Bid Open |
|---|---|---|---|---|---|---|---|
| SQ/SM/R/P/07/2081/82 | BasyalTole Takura Road Improving project Ward No.12 | 8,83,039.41 | 1000.00 | 27000.00 | 75 Days | 2nd December. 2024. 12:00 Noon | 2nd December .2024. 12:30 PM |
| SQ/SM/R/P/08/2081/82 | Pathshala Rashichaur Dhobato Road Ward No.9 | 8,75,669.77 | 1000.00 | 27000.00 | | | |
| SQ/SM/R/P/09/2081/82 | PathasalaKavretari Road Improving project Ward No.9 | 17,63,272.00 | 1000.00 | 54000.00 | | | |
| SQ/SM/R/P/11/2081/82 | Kanchikot Hill StatationPahucha Marga Ward No.7 | 8,81,316.56 | 1000.00 | 27000.00 | | | |
| SQ/SM/B/P/13/2081/82 | Susamachar Building Maintenance Works ward No.1 | 8,83,285.14 | 1000.00 | 27000.00 | | | |
| SQ/SM/B/P/17/2081/82 | DharaMaidanDhara Nepali Tolama Nagdevi Temple Construction ward No.11 | 818,346.03 | 1000.00 | 27000.00 | | | |

**Information to deposit the cost in the Bank:**

- Name of the Bank:RastiyaBanijyaBank, Sandhikharka, Arghakhanchi
- Name of Office:Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi
- Rajaswa (Internal revenue) Account no.: 3050100301010002 (For Bid Document)
- Name of Office Account:SANDHIKHARKA NP.PA. (GA-1-1)-AANTAR

2. Tender no.7,8,9,11and 13 are second time notice published and Tender no. 17 First notice published.
3. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the biding document without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# नमूना मदरसा : छात्रावाससहित दुई सय छात्रा अध्ययनरत



**मोहम्मद हबिब**

*भैरहवा*

रोहिणी र सिद्धार्थनगरको सिमानामा पर्ने रोहिणी-१ चैनपुरमा अवस्थित मदरसामा दुई सय जना छात्राहरु छात्रावाससँगै अध्ययन गर्दै आइरहेका छन् । कक्षा १० सम्म नियमित शिक्षासँगै धार्मिक शिक्षा दिँदै आएको मदरसा रुपन्देहीकै नमूना मदरसाको रुपमा रहेको छ । शिक्षाबाट वञ्चित गराइदै आएको छात्राहरुको अवस्थालाई चिर्दै शिक्षाको पहुँचमा छात्राको वृद्धि गर्ने उद्देश्यले सरकारले सामुदायिक विद्यालयका लागि निर्धारण गरेको पाठ्यक्रमकै शिक्षा दिँदै आएको छ ।

मदरसा गौसिया अहले सुन्नत नूरुल ओलुमले आफ्नो आठौं वार्षिकोत्सव मनाउँदै सहयोगीहरुलाई सम्मान समेत गरेको छ । सो अवसरमा बोल्दै प्रमुख अतिथि सिद्धार्थनगर नगरपालिकाका मेयर इस्तियाक अहमद खाँले शिक्षा नै सामाजिक विकासको मूल आधार भएकोले सामाजिक विकास र परिवर्तनका लागि छात्राहरुको शिक्षामा जोड दिनु पर्ने बताए ।

यो मदरसा यस क्षेत्रकै नमूना मदरसा रहेकोले यस क्षेत्रका बहिनी छोरीहरुको भविष्य निर्माण जस्तो महत्वपूर्ण काम गरिरहेको बताउँदै उनले यसलाई हामी सबैले पहल र प्राथमिकतामा राखी काम गर्नुपर्ने बताए । नगरपालिकाले मदरसालाई नियमित रुपमा सहयोग गरेता पनि यसको योजनागत विकासका लागि संघ र प्रदेशबाट सहकार्य गर्ने प्रतिबद्धता उनले जनाए ।

विशिष्ट अतिथि रोहिणी गाउँपालिका अध्यक्ष विद्या यादवले रोहिणीले सबै समुदायको संरक्षण र विकासका लागि पहलकदमी भूमिका खेल्दै आएकोले यो मदरसालाई प्राथमिकतामा राखेर काम गर्दै आएको जनाए । १० कक्षासम्म अनुमति दिइ शिक्षा प्रदान गरेको मदरसाले उच्च शिक्षाका लागि पनि माग गरेकोले त्यसको भौतिक र शैक्षिक विकासको लागि पालिकाले पहल गर्दै आएको उनले बताए ।

पालिकाको तर्फबाट मदरसाको सौन्दर्यीकरणका लागि रंगरोगन, कम्पाउण्डलगायतका केही पूर्वाधारको काम पनि अतिआवश्यक रहेकोले पालिकाले त्यसको लागि बजेट विनियोजन गरी काम गर्नमा प्रतिबद्ध रहेको उनले जनाए । उनले धेरै मदरसा हुनुभन्दा केही हुनु, तर राम्रो हुनुपर्छ, यो मदरसा रोहिणीको नमूना मदरसा रहेको बताए ।

यस्तै समाजसेवी फैज अहमद खाँनले नेपाल सरकारले निःशुल्क शिक्षाका लागि सामुदायिक विद्यालयमा दिएको सुविधाभन्दा मदरसामा बढी सुविधा दिने भएकोले यसमा स्थानीय, प्रदेश र संघीय सरकारले विचार गर्नुपर्ने बताए ।

रोहिणीको गरिमा बढाउने मदरसाको रुपमा रहेको यो छात्राहरुको मदरसाको विकासकालागि सबै एकजुट भइ लाग्नु पर्ने उनले औंल्याए ।

यस्तै रोहिणी गाउँपालिकाकी उपाध्यक्ष शिवकान्ति चमारले सबैको पायक पर्ने ठाउँमा मदरसा रहेकोले यसको विकासका लागि व्यक्तिगत रुपमा र पालिकाको तर्फबाट पूर्णत सहयोग गर्ने बताइन ।

उनले यसलाई छिट्टै कक्षा १२ सम्मको अध्यापनका लागि पालिकाले पहल गरेको बताउँदै गुणस्तरीय शिक्षाका लागि अभिभावक, विद्यार्थी स्वंय र मदरसाले ध्यान दिनुपर्ने बताइन ।

विद्यालयका प्रधानाध्यापक हैदर अलिले मदरसामा कक्षा १० सम्मको पढाइ भइरहेको र २ सय जना छात्राहरु छात्रावाससहित अध्ययन गरिरहेको जानकारी दिए । उनले मदरसामा भौतिक र शैक्षिक क्षेत्रमा धेरै कमि रहेकोले कक्षाकोठा, फर्निचर र कम्प्युटर शिक्षाको लागि मदरसाले पहल गरिररहेको छ भने आयमूलक सीपमा पनि मदरसाले योजना बनाइ सिलाइकटाईलागयतका तालिमहरु पनि गर्नुपर्ने आवश्यकता रहेको बताए ।

हाल मदरसामा २२ जना जनशक्ति रहे पनि पूर्वाधारमा कमि रहेकोले सबै एकजुट भइ मदरसाको विकास गर्नुपर्ने जरुरी रहेको उनले जनाए । मदरसा व्यवस्थापन समितिका अध्यक्ष समसाद अहमदको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन प्रन्स्या न्यौपानेले गरेकी थिइन ।

# ग्रेसको एडुभर्स शैक्षिक मेला



बुटवल । ग्रेस इन्टरनेशनल बुटवलमा 'एडुभर्स २०२४' शैक्षिक मेला हुने भएको छ । यही मंसिर २ गते मेलाको आयोजना गर्न लागिएको ग्रेस इन्टरनेशनल बुटवलका निर्देशक ईश्वर भट्टराईले जानकारी दिए । भट्टराईका अनुसार मेलामा आउने विद्यार्थीलाई आइएलटिएस र पिटीइका कक्षामा विशेष छुटको व्यवस्था गरिएको छ । साथै भिसा प्रासेसिङ सुरु गर्ने विद्यार्थीका लागि पनि आकर्षक उपहारहरु लक्की ड्रमार्फत् प्रदान गरिने उनले जानकारी दिए ।

नेपाली विद्यार्थीहरुलाई लक्षित गरी ग्रेस इन्टरनेशनल ग्रुप 'एडुभर्स २०२४' शैक्षिक मेलाको आयोजना देशका विभिन्न सहरमा गर्न लागेको छ । त्यसैअन्तर्गत रुपन्देहीको बुटवलमा मंसिर २ गते हुन लागेको हो । विदेश अध्ययनमा रुचि राख्ने विद्यार्थीहरुका लागि नोभेम्बर ११ देखि २१ सम्म देशभरका ९ प्रमुख शहरहरुमा ग्रेस ग्रुपले मेला सञ्चालन गर्न लागेको हो ।

मेलामा अस्ट्रेलिया, बेलायत, अमेरिका, न्यूजिल्याण्ड, क्यानडा, दुबई, दक्षिण कोरिया र युरोपका विभिन्न विश्वविद्यालय तथा शैक्षिक संस्थाका प्रतिनिधिहरुले विद्यार्थीहरुसँग प्रत्यक्ष भेटघाट र परामर्श दिने भट्टराईले जानकारी दिए ।

मेलामा विद्यार्थीहरुले २५ भन्दा बढी विदेशी शैक्षिक संस्थाका प्रतिनिधिहरुसँग प्रत्यक्ष भेटघाट गर्न र विदेश अध्ययनसम्बन्धी विस्तृत जानकारी लिन पाउने उनले जानकारी दिए । मेलामा विद्यार्थीहरुले स्पट एडमिसन, अधिकतम छात्रवृत्ति र अन्य विशेष अवसरहरु प्राप्त गर्न सक्ने उनको भनाइ छ ।

जसले गर्दा उनीहरुको विदेश अध्ययन प्रक्रियालाई सहज बनाउन महत्वपूर्ण भूमिका लामिछानेले बताए । ग्रेस ग्रुपले देशभर सुरु गर्न लागेको मेला नोभेम्बर ११ मा इटहरी, १३ मा काठमाडौं, १४ मा चितवनको पर्सा, १५ मा चितवनको नारायणघाट, १६ मा नवलपुरको कावासोती, १७ मा बुटवल, १८ मा दाङ, २० मा बागलुङ, र २१ मा पोखरामा शैक्षिक मेला सम्पन्न हुनेछ ।

यी प्रमुख सहरहरुमा आयोजना गरिने कार्यक्रमले विद्यार्थीहरुलाई आफ्नो अध्ययन गन्तव्य छान्न थप सहज बनाउने र आवश्यक परामर्श उपलब्ध गराउने लक्ष्य ग्रेस ग्रुपले लिएको छ ।

ग्रेस बुटवलका निर्देशक भट्टराईका अनुसार विद्यार्थीरुले मेलामा सहभागी भएर आफ्ना चासोका देशका प्रतिष्ठित विश्वविद्यालयहरुसँग प्रत्यक्ष रुपमा जोडिन पाउनेछन् । साथै, परामर्शदाता र विश्वविद्यालयका प्रतिनिधिहरुसँग अन्तर्क्रिया गरी अध्ययन गन्तव्य छान्न, आवेदन प्रक्रियाबारे बुझ्न र छात्रवृत्ति लाभ लिन सक्नेछन् । भट्टराईले विदेश अध्ययनमा रुचि राख्ने सम्पूर्ण विद्यार्थीहरुलाई यो अवसरको सदुपयोग गर्न आह्वान गरेका छन् ।

# प्रदेशको विकास पर्यटनबाट : मुख्यमन्त्री



बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रदेश सरकारले समृद्ध लुम्बिनी र आत्मनिर्भर प्रदेशको लक्ष्य पूरा गर्न धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा विशेष ध्यान दिएको बताएका छन् ।

बुटवल उप-महानगरपालिका-१२ मा रहेको मुक्तिनाथ धाममा पुगेका आचार्यले ऐतिहासिक महत्त्व बोकेका धाम तथा मठमन्दिरको संरक्षण, सम्बर्द्धन र विकासका लागि प्रदेश सरकारले योजना निर्माण गरेर अघि बढ्ने जनाए ।

'प्रदेशलाई आर्थिक रुपमा बलियो बनाउने आधार पर्यटन क्षेत्र हो । हामीकहाँ भएका सम्पदाहरुलाई पर्यटनसँग जोडेर अघि बढेका छौं', उनले भने-'लुम्बिनीका १२ जिल्लामा रहेका सम्पदाहरुलाई पर्यटन सर्किटमार्फत् जोड्छौं ।'

लुम्बिनी प्रदेश भ्रमणमा आउने भारतीय पर्यटकहरुलाई लक्षित गरेर सिमानामा एकीकृत जाँचमार्फत् सहज आवागमनका लागि प्रदेश सरकारले प्रक्रिया अघि बढाएको, ठाउँ-ठाउँमा हुने पटके जाँचलाई घटाउने र पर्यटनमैत्री बनाउने योजना सरकारले अघि बढाएको मुख्यमन्त्री आचार्यले जानकारी दिए । प्रदेश सरकारले यस वर्ष घुमौं बर्दियाको अभियान समेत थाल्ने योजनामा छ । मुख्यमन्त्री आचार्यले धाममा पूजा अर्चना समेत गरेका छन् ।

# शुभेच्छुक संस्था सवल भएमात्र माउपार्टी बलियो : सभापति पुन



**यमलाल भुसाल**

*बुटवल*

नेपाल ट्रेड युनियन कांग्रेस लुम्बिनी प्रदेश समितिको प्रथम परिषद् सम्पन्न भएको छ । शनिबार बुटवलमा सम्पन्न परिषद्मा ट्रेड युनियनलाई आन्दोलनको रूपमा स्थापित गर्ने वक्ताहरुले धारणा राखेका थिए । परिषद्लाई सम्बोधन गर्दै प्रमुख अतिथि नेपाली कांग्रेस लुम्बिनी प्रदेश सभापति अमरसिंह पुनले शुभेच्छुक संस्थाहरु सवल र सक्षम भएमात्र कांग्रेस बलियो हुने भएकोले कांग्रेसले ट्रेड युनियनलाई बलियो बनाउन सबैले पहल गर्नुपर्ने बताए ।

मजदुरहरुले आफ्ना काम, कर्तव्य र अधिकारका बारेमा सचेत हुँदै संगठनभित्रका झिना मसिना विवादलाई आपसी समझदारीबाट टुंग्याउनु पर्नेमा उनले जोड दिए ।

कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले समाजमा राजनीतिप्रति वितृष्णा बढ्दै गएको वर्तमान अवस्थामा युवापुस्तालाई नेतृत्वमा ल्याउनु पर्ने धारणा राखेका थिए । राजनीति कमजोर हुँदा ट्रेड युनियन आन्दोलन पनि कमजोर हुने भएकोले राजनीतिलाई बलियो बनाउन युवाहरुको खाँचो भएको औंल्याए । बुटवलले श्रमिकहरुलाई साथमा राखेर काम गर्दै आएको उनले बताए ।

कार्यक्रममा ट्रेड युनियन लुम्बिनी प्रदेश अध्यक्ष काजीमान श्रेष्ठले ट्रेड युनियनले सबै श्रमिकलाई एक नजरले हेर्दै श्रमिकका हक अधिकारका लागि लड्दै आएको जनाए । उनले राष्ट्रिय राजनीति अस्थिर हुँदा ट्रेड युनियनको आन्दोलन ओझेलमा परेको बताउँदै यसतर्फ सबै सचेत हुन जरुरी रहेको औंल्याएका थिए ।

लुम्बिनी प्रदेशका १२ जिल्लाबाट कार्यक्रममा सहभागिता रहेको थियो । सरकारमा कांग्रेसको सहभागिता भएता पनि ट्रेड युनियन कर्मीको अकहितमा सरकार गम्भीर हुन नसकेकोमा चिन्ता गरिएको थियो ।

# लुम्बिनी लायन्सको जर्सी सार्वजनिक



बुटवल । नेपाल प्रिमियर लिग (एनपीएल)को फ्रेन्चाइज टोली लुम्बिनी लायन्सले अफिसियल जर्सी सार्वजनिक गरेको छ ।

आफ्नै क्षेत्र लुम्बिनीको मायादेवी मन्दिरमा पुगेर लुम्बिनी लायन्सले जर्सी सार्वजनिक गरेको हो ।

क्लबका मालिक ईश्वर जिसी, लुम्बिनी लायन्सका ब्राण्ड एम्बासडर नायक राजेश हमाल र विशेष अतिथि आनी छोइङ डोल्माले संयुक्त रुपमा जर्सी सार्वजनिक गरे ।

जर्सी सार्वजनिक कार्यक्रममा लुम्बिनीका मार्की प्लेअर रोहितकुमार पौडेलदेखि अन्य खेलाडीहरु पनि सहभागी थिए ।

जर्सीको निलो रङ्गले सम्पूर्ण नेपालको शान्ति र समृद्धिको भावना बोकेको लुम्बिनी लायन्सले जनाएको छ । सुनौलो रङ्गले लुम्बिनीभित्र रहेको अखण्ड दीपको प्रतिनिधित्व गर्छ भने सिंहको रंग पानी सुनौलो रंग नै हुने भएकोले सुनमा सुनौलो छाएको क्लबले जनाएको छ ।

यस्तै जर्सी सार्वजनिक गरेपछि र्‍याली कार्यक्रम समेत आयोजना गरिएको छ ।

क्यानको आयोजनामा हुने एनपीएल मंसिर १५ देखि पुस ६ गतेसम्म काठमाडौंमा हुनेछ । यसमा ८ टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

# आठ जना साहित्यकार, कलाकार सम्मानित



**कृष्ण पोखरेल**

*पाल्पा*

१७५औं छविलाल नेपाल जन्मजयन्ती, १२१औं माधवप्रसाद देवेकोटा जन्मजयन्ती तथा ३०औं वार्षिक दिवसको अवसरमा पाल्पा साहित्य समाजले विभिन्न क्षेत्रमा योगदान गरेका आठ जना व्यक्तिलाई प्रतिभा सम्मान पुरस्कृत गरेको छ । प्रतिभा सम्मान पुरस्कार पाउनेहरुमा छविलाल प्रतिभा पुरस्कारबाट साहित्यकार डिल्लीराज अर्याल, भैरव तुल्सी सिंह स्मृति पुरस्कारबाट शान्ता शाक्य, अथक रेग्मी साहित्य पुरस्कारबाट कालुमान अमात्य, इन्द्रराधा समाजसेवा प्रतिभा पुरस्कारबाट निलम गङ्गोल, पाल्पा साहित्य समाज पुरस्कारबाट महेशरत्न शाक्य, केशवलाल बज्राचार्य, बुद्धरत्न शाक्य, सुदनराज शाक्य रहेका छन् ।

पुरस्कृत व्यक्तिहरुलाई विश्वहिन्दु महासंघका केन्द्रिय उपाध्यक्ष वेनबहादुर पौडेल क्षेत्री, संस्थाका संरक्षक राजेन्द्रगोपाल सिंह, अध्यक्ष पुष्करराज रेग्मीले नगद, सम्मानपत्रबाट सम्मान गरे ।

कार्यक्रम साहित्यकार एवं विश्व हिन्दुमहासंघका उपाध्यक्ष पौडेल क्षेत्रीले पाल्पा साहित्य समाजले समाजमा विभिन्न क्षेत्रमा योगदान गरेका तर ओझेलमा परेका व्यक्तिहरुलाई सम्मान गरेर उनीहरुको जीवनमा थप उर्जा थप्ने काम गरेको बताए ।

यस्तो अभियानले काम गरिरहेका व्यक्तिहरुमा काम गर्ने जोश जागर अझैं बढ्ने, आत्मविश्वासमा वृद्धि हुने, विश्व हिन्दुमहासंघका उपाध्यक्ष क्षेत्रीले बताए । कार्यक्रममा विशिष्ट अतिथि भागवत खनालले पाल्पा आफैंमा साहित्यको धनी जिल्ला भए पनि संस्थाको नियमित आयश्रोत नहुँदा समेत साहित्य कार्यक्रमलाई निरन्तरता दिने, सम्मान गर्ने अभियानले सबैलाई प्रेरणा दिएको बताए ।

वरिष्ठ पत्रकार मेघराज शर्माले पाल्पा साहित्य समाजले अन्य साहित्य संस्थाले भन्दा बेग्लै किसिमबाट कार्यक्रम चलाउने, सम्मान गर्ने कार्यक्रमले पाल्पाको साहित्य क्षेत्रलाई उर्जावान बनाएको बताए ।

पाल्पा साहित्य समाजका संरक्षक राजेन्द्रगोपाल सिंहले संस्था जन्माउने, हुर्काउने र सोहीअनुसारको काम पनि गर्ने गराउने गर्दै आएको बताए । पाल्पा साहित्य समाजले साहित्य क्षेत्रलाई माथी उठाउन नियमितरुपमा प्रतिभा सम्मान पुरस्कार कार्यक्रम गर्दै आएको बताए ।

कार्यक्रममा सम्मानित व्यक्तित्वहरु केशवलाल बज्राचार्य, बुद्धरत्न शाक्य, युवा व्यक्ति केशव बस्याललगायतले पाल्पा साहित्य समाजले गरेका कामहरुबाट आफूहरु प्रभावित भएको बताए ।

समाजका अध्यक्ष पुष्करराज रेग्मीको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत संस्थाका सल्लाहकार चित्रवलीराम सुवाल संस्थाका सदस्य कमल बस्यालले पुरस्कृत व्यक्तित्वको चर्चा र सञ्चालन सचिव सविता भट्टराईले गरेका थिइन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com